दैनिक

# संग्राम खबर

वर्ष :- ०६, अंक:- १०९, २०८२ चैत्र १७ गते, मंगलवार/ Tuesday 31 March 2026 पृष्ठ:- ४, मूल्य २५ रुपैयाँ

sangamkhabar.com


## चार पालिकाको लाईन काटियो, करोडौं राजस्व संकलन




रौतहट, चैत १६ ॥ नेपाल बिधुत प्राधिकरण गौर वितरण केन्द्रले करोडौंको बाँकी बिल रकम बक्यौता राखेका रौतहटका चार नगरपालिकाको लाईन काटेको छ ।

आज सोमबार रौतहटमा पहिलो पटक प्राधिकरणले बाकी बक्यौता रहेका निजि र सरकारी कार्यालयका लाईन काटने अभियान अन्तरगत राजदेवी, इसनाथ, गरुडा र माधवनारायण नगरपालिकाको लाइन काटेर बक्यौता तिर्न पालिकाहरुलाइ दबाब बढाईएको नेपाल प्राधिकरण गौर वितरण केन्द्रका प्रमुख धिरेन्द्र यादवले जानकारी गराउनु भएको हो । प्रमुख यादवका अनुसार, चार पालिकाको लाईन काटे संगै दुई नगर पालिका राजदेवी र इसनाथले आफ्नो विद्युत विलको आंशिक बक्यौता तिरे पछि पुनः लाइन सुचारु गरिएको जानकारी गराए ।

प्राधिकरणले बक्यौता असुली अभियानलाई तीव्र बनाउँदै उल्लेखनीय उपलब्धि हासिल गरेको छ । विशेष अभियानमार्फत लाखौंदेखि करोडौंसम्म राजस्व संकलन गर्न सफल भएको जनाएको छ । गौर वितरण केन्द्रका सहायक प्रबन्धक धीरेन्द्र कुमार यादवका अनुसार हालसम्म १ सय २० वटा विद्युत चुहावटका घटनामा कारबाही गरिएको छ । ती घटनाबाट मात्र १५ लाख ७६ हजार १ सय २४ रुपैयाँ राजस्व संकलन गरिएको उनले जानकारी दिए । विद्युत चोरी नियन्त्रणका लागि गरिएको अनुगमन, छापा तथा प्राविधिक परीक्षणका क्रममा अवैध रूपमा विद्युत उपभोग गर्नेहरूलाई कारबाही गरिएको हो ।

लामो समयदेखि बक्यौता नतिर्ने उपभोक्तामाथि पनि कडाइ गरेको छ । ब्लक लिस्टमा राखिएका ६० जना उपभोक्ताबाट मात्रै २४ लाख ४९ हजार ६३५ रुपैयाँ ९२ पैसा बक्यौता उठ्न बाँकी रहेको छ । प्राधिकरणले ती उपभोक्तालाई समयमै रकम भुक्तानी गर्न आग्रह गर्दै अन्यथा थप कारबाही गरिने चेतावनी दिएको छ ।

बक्यौता असुली अभियानअन्तर्गत गौर वितरण केन्द्रले कुल २ हजार २८ जना उपभोक्ताको विद्युत लाइन काटेको थियो । ती उपभोक्ताबाट करिब ९ करोड ४४ लाख ६२ हजार १ सय १२ रुपैयाँ बराबरको बक्यौता रहेको तथ्याङ्क सार्वजनिक गरिएको छ । प्राधिकरणले लाइन काट्ने कडा नीति अपनाएपछि अधिकांश उपभोक्ताले बक्यौता तिर्न थालेका छन् ।


लाइन काटिएका उपभोक्तामध्ये हालसम्म १ हजार ७ सय ७२ जनाले बक्यौता चुक्ता गरी पुनः विद्युत जडान गराएका छन् । यसबाट मात्रै ५ करोड ४३ लाख ७० हजार ४सय १४ रुपैयाँ ७१ पैसा राजस्व संकलन भएको सहायक प्रबन्धक यादवले बताए । यसले बक्यौता असुली

**बाँकी पेज नं. ३ मा**


## "लागु पदार्थ होइन, जीवन रोजौं !"

***लागु पदार्थ दुर्व्यसन एक गम्भीर सामाजिक समस्या हो, जसले व्यक्ति मात्र होइन, परिवार, समाज र देशको भविष्यलाई समेत अन्धकारतर्फ धकेलिरहेको छ ।***

***युवाशक्ति दुर्व्यसनको सिकार बन्दै जाँदा अपराध, हिंसा, बेरोजगारी र स्वास्थ्य समस्या बढ्दै गएका छन् ।***



∴ लागु पदार्थ प्रयोग नगर्ने प्रतिबद्धता गरौं
∴ युवालाई सकारात्मक क्रियाकलापतर्फ प्रेरित गरौं
∴ आजको गलत निर्णयले भोलिको भविष्य नष्ट गर्छ



- दुर्व्यसन विरुद्ध सामूहिक आवाज उठाऔं
- लागु पदार्थ छोडौं, स्वस्थ जीवन जोडौं
- परिवार, समाज र राष्ट्र बचाऔं

**गढीमाई नगरपालिकाको कार्यालय**
समनपुर, रौतहटद्वारा जनहितमा जारी सन्देश


## बृन्दावन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बिश्रामपुर, रौतहट
मधेश प्रदेश, नेपाल

### आ.व. २०८२/०८3 को लागि आन्तरिक आय ठेक्का सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना !

**प्रथम पटक प्रकाशित भएको मिति २०८२/१२/१७**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ (च), सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०८१ अनुसूची ५, १३ (२) र १७ अनुसार बृन्दावन नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकहरुमा आर्थिक वर्ष २०८२/०८३ का लागि आन्तरिक आय ठेक्काहरुको बन्दोबस्त गर्नु पर्ने भएकोले यस बृन्दावन नगरपालिकाको मिति २०८२/११/१७ गते कार्यपालिका बैठकको निर्णयानुसार यस नगरपालिकाको तपशिल बमोजिमको सामग्रीहरुमा यस नगरपालिकाको आर्थिक ऐन, २०८० मा निर्धारित निकासी दर बमोजिम निम्नानुसारको ठेक्काको लागि इच्छुक व्यक्ति /फर्म वा कम्पनीहरूले यस कार्यालयबाट दरभाउ पत्र फारम खरिद गरी निर्धारित समय भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नम्बर | आय ठेक्काको नाम | न्यूनतम कबोल अंक (वार्षिक रु.) |
|---|---|---|---|
| ५. | **बृन्दावन न.पा. अन्तर्गत पर्ने विभिन्न पोखरीहरूको माछा संकलन तथा बिक्री कर संकलन** | | |
| (क) | Mun/Brindawan/GOOD/05/2082/083 | वडा नं. ७ को भेलाही माछा पोखरी र आप बगैचा समेत | ८,४०,०००।– (वार्षिक) /४२,००,०००।– (५ वर्ष) |
| (ख) | Mun/Brindawan/GOOD/06/2082/083 | वडा नं. ६ को माछा पोखरी सिसवा | ३,०५,००।– (वार्षिक) /१५२५०००।– (५ वर्ष) |

**शर्तहरु:-**

१. सिलबन्दी दरभाउपत्र फारम रु. १०००।– (अक्षरेपी एक हजार मात्र ।) दस्तुर बुझाई यस कार्यालयबाट प्राप्त हुनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले **१५ औं (पन्ध्रौं) दिन मिति २०८३।०१।०१** गते कार्यालय समय भित्र निवेदन साथ नविकरण भएको ईजाजतपत्र मु.अ. कर ( VAT) मा दर्ता भएको प्रमाणपत्र आ.व. २०८२।०८३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपि र स्थायी लेखा नम्बर ( PAN) सहित राजश्व शाखाबाट दरभाउपत्र फारम खरिद गरी सक्नु पर्नेछ ।

३. यो सूचना प्रकाशित भएको मितिले **१६ औं (सोह्रौं) दिन मिति २०८३।०१।०२ गते दिनको १२:०० बजे भित्र** दरभाउपत्र फारम साथ नविकरण भएका ईजाजतपत्र, मु.अ. कर ( VAT) मा दर्ता भएको प्रमाणपत्र, आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, दरभाउपत्र फारम दस्तुर व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपि र स्थायी लेखा नम्बर (PAN) बुझाएको नगदी रसिद सहितको सिलबन्दी दरबाउपत्र राजश्व शाखामा दर्ता गरी सक्नु पर्नेछ ।

४. रीतपूर्वक दर्ता हुन आएका गोप्य सिलबन्दी दरबाउपत्रहरू **१६ औं (सोह्रौं) दिन मिति २०८३।०१।०२ गते दिनको २:०० बजे** दरभाउ पत्र दाता स्वयं वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । प्रतिनिधिको उपस्थिति नभएपनि कार्यालयमा दर्ता भएका सिलबन्दी दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

५. शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम दिन वा शिलबन्दी दरभाउपत्र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता हुने तथा खोलिनेछ ।

६. छुट्टाछुट्टै विषयको शिलबन्दी दरभाउपत्र फारम छुट्टाछुट्टै खरिद गरी छुट्टा छुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर ठेक्काको विषय खोली यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नुपर्नेछ ।

७. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिइने छैन । बोलपत्रदाताले बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम नघटाई यस कार्यालयको माछापुच्छ्रे बैँक, हर्षाहा स्थित ०७५००६५३९११०००३३ धरौटी खातामा जम्मा गरेको सक्कलै बैँक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैँकबाट मान्याता प्राप्त बैँकबाट जारी भएको कम्तिमा ९० दिन म्याद भएको बैँक ग्यारेन्टी (Bid Bond) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

८. बोलपत्र दाताले नियमानुसार कबोल अंकको १३% हुने मुल्य अभिबृद्धि कर (VAT) करदाता सेवाको कार्यालय चन्द्रपुर रौतहट कार्यालय कोड ३०५०४२००२, राजश्व शिर्षक नं. ३३३१४ मा बुझाई सक्कल भौचर सहित यस कार्यालयमा बुझाउनु पर्नेछ । सो बाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने आयकर लगायत अन्य कर, दस्तुर तथा शुल्क आदि सबै बोलपत्रदाता स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

९. बोलपत्रदाताले कबोल गरेको रकम ४ किस्तामा तिर्नुपर्नेछ । पहिलो किस्ता बापत कबोल गरेको रकमको ३०% (प्रतिशत) सम्झौताको समयमा दाखिला गर्नुपर्नेछ दोस्रो किस्ता बापत कबोल गरेको रकमको ३०% (प्रतिशत) , तेस्रो किस्ता बापत कबोल गरेको रकमको २०% (प्रतिशत) र चौथो किस्ता बापत कबोल गरेको रकमको २०% (प्रतिशत) भने अन्तिम किस्ता २०८६ पहिलो त्रैमासिक सम्ममा चुक्ता गरिसक्नु पर्नेछ । बोलपत्रदाताले कबोल गरेको रकमको प्रत्येक वर्ष वैशाख१५ सम्म नगद वा बडीमा ९० दिनको मान्य अवधि रहेको नेपाल राष्ट्र बैँकबाट मान्यता प्राप्त 'क' वर्गको वित्तीय संस्थाबाट जारी गरेको बैँक ग्यारेन्टी ( Performance Bond) वैशाख १५ गते भित्र पेश गर्नुपर्नेछ । तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैँक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानूनी प्रकृया अपनाइनेछ । असुल गर्न बाँकी रकममा वार्षिक १५ प्रतिशत थप जरिवाना समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ र त्यस्तो फर्मलाई २ वर्षको लागि कालो सूचीमा राखिनेछ ।

१०. बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची ५ मा उल्लिखित सामग्रीहरुः- दाउरा, खंसी बोकाको छाला, फलफुल-तरकारी, सिमेन्ट टायल, माटोको टायल, कवाडि, धान र गहुँको भुसा, इट्टा, दराज पलङ, माछा, भैँसी, राँगा, गाई, गोरू, खंसी, बोका, बाख्रा, बंगुर, सुंगुर, खद्यान पदार्थ, तेलहन, दलहन, हरियो मक्कै आदि । बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची १३ (२) मा उल्लिखित सामग्रीहरुः- क्रसर तथा बालुवा प्रशोद्धन उद्योगबाट उत्पादित ढुंगा, गिट्टी, बालुवा, बेस, डस्ट, चिप्स आदि । बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची १७ मा उल्लिखित हाट बजारको सामग्रीहरू । बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची ५, अनुसूची १३ (२), अनुसूची १७ मा उल्लिखित सामग्रीहरुमा **बोलपत्रदाताले भ्याट १३ % रकम थप गरी संकलन गर्न सकिने छ** । बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची ५, अनुसूची १३ (२), अनुसूची १७ मा उल्लिखित सामग्रीहरु बाहेकको हकमा यस नगरपालिकाको निर्णयबाट पारित भएको दररेट कायम हुनेछ ।

११. यस नगरपालिकाको काबु भन्दा बाहिरको कारणले ठेक्का सञ्चालन हुन नसकेमा वा अन्य कुनै कारण देखाई ठेक्का वापतको रकम मिनाहा वा छुट दावी गर्न पाइने छैन । व्यवसायी र बृन्दावन नगरपालिका बीच भएको ठेक्का शर्तहरूका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा बृन्दावन नगरपालिकाको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन ।

१२. बोलपत्रको समयावधि सम्झौताको मितिबाट २०८७ चैत मसान्तसम्म कायम गरिएको छ र माछा पोखरी ठेक्काको हकमा ५ (पाच) वर्षको लागि आय ठेक्काको बन्दोबस्त गर्नेगरी सम्झौता गरिनेछ ।

१३. यस सम्बन्धमा विस्तृत जानकारीको लागि नगरपालिकाको राजश्व शाखा (९८१११०३९७६) मा सम्पर्क गर्नुहोला ।

१४. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

सुमित्रा मिडिया प्रा.लि. गौर रौतहटद्वारा प्रकाशित सगम खवर दैनिक पत्रिकाको लागि
सम्पादक :- दिनेश यादव उर्फ संगम
कप्यूटर लेआउट :- राहुल कुमार पाण्डेय
कार्यालय :- गौर नगरपालिका-२ रौतहट, नेपाल
मोवाईल नं. :- ९८५५०४५९१९, ९८०९२४५९१९
इमेल :- sangamkhabar@gmail.com,
वेवसाईटः- www.sangamkhabar.com
मुद्रक :- हेमा पब्लीकेशन प्र.लि. गौर, रौतहट

## सम्पादकीय ............

### बालेन सरकारको निर्णयः वृद्ध भत्ता उमेर ७० बाट ७५–कति उचित?

हालै बालेन्द्र शाह नेतृत्वको सरकारद्वारा वृद्ध भत्ता पाउने उमेर हद ७० वर्षबाट ७५ वर्ष पुऱ्याउने प्रस्ताव/निर्णयले समाजमा व्यापक बहस जन्माएको छ। सामाजिक सुरक्षा जस्तो संवेदनशील विषयमा यस्तो परिवर्तन गर्नु केवल आर्थिक निर्णय मात्र नभई मानवीय, नैतिक र राजनीतिक प्रश्नसँग पनि जोडिएको हुन्छ। पहिलो प्रश्न–के राज्यको आर्थिक अवस्था यस्तो निर्णय गर्न बाध्यकारी थियो? सरकार प्रायः बजेटीय दबाब, बढ्दो वृद्ध जनसंख्या, र सामाजिक सुरक्षा कोषको दिगोपनको तर्क अघि सार्छ। निस्सन्देह, दीर्घकालीन रूपमा सामाजिक सुरक्षा कार्यक्रम टिकाउ बनाउनु राज्यको जिम्मेवारी हो। तर , त्यसका लागि सबैभन्दा कमजोर वर्गलाई थप प्रतिक्षा गराउनु कति न्यायोचित हुन्छ?


नेपालजस्तो देशमा औसत आयु बढे पनि ग्रामीण क्षेत्रका धेरै नागरिक ७० वर्ष नपुग्दै स्वास्थ्य समस्याले थलिन्छन्। यस्तो अवस्थामा ७५ वर्षसम्म भत्ता नपाउनु भनेको उनीहरूलाई पाँच वर्ष थप असुरक्षामा धकेल्नु हो। अझ, दैनिक आम्दानीको स्रोत नभएका ज्येष्ठ नागरिकका लागि यो भत्ता जीवनरेखा सरह हुन्छ।

दोस्रो पक्ष–सामाजिक न्याय। राज्यले प्रदान गर्ने सेवा केवल आर्थिक हिसाबले होइन, न्याय र समावेशिताको दृष्टिले पनि मूल्याङ्कन गरिनुपर्छ। यदि राज्यले खर्च कटौतीकै लागि कमजोर वर्गमाथि भार थप्छ भने त्यो नीतिगत रूपमा असन्तुलित निर्णय मानिन्छ। अझै पनि नेपालमा वृद्धवृद्धाहरूको ठूलो हिस्सा परिवार र समाजमा आश्रित छन्, जहाँ सामाजिक संरचना पनि क्रमशः कमजोर हुँदै गएको छ। तेस्रो–राजनीतिक सन्देश। यस्तो निर्णयले सरकारप्रतिको जनविश्वासमा असर पार्न सक्छ। जनताले सामाजिक सुरक्षामा कटौतीभन्दा सुधारको अपेक्षा गरेका हुन्छन्। विशेषतः नयाँ नेतृत्वप्रति आशावादी बनेका नागरिकका लागि यस्तो कदम निराशाजनक ठहरिन सक्छ।

तर, यो निर्णयलाई पूर्ण रूपमा नकारात्मक मात्र भन्नु पनि पर्याप्त हुँदैन। यदि सरकारसँग स्पष्ट दीर्घकालीन योजना, लक्षित समूहमा सुधार, र वैकल्पिक सहायता कार्यक्रम छन् भने यसको औचित्य केही हदसम्म स्थापित हुन सक्छ। उदाहरणका लागि, अत्यन्त गरिब, अशक्त वा एकल वृद्धका लागि छुट्टै प्रबन्ध गरिएमा नीतिको कठोरता कम गर्न सकिन्छ। अन्ततः, वृद्ध भत्ता पाउने उमेर ७० बाट ७५ पुऱ्याउने निर्णय आर्थिक रूपमा तर्कसंगत देखिए पनि सामाजिक रूपमा संवेदनशील र विवादास्पद छ। राज्यले बचतभन्दा बढी मानव जीवनको गरिमा र सुरक्षालाई प्राथमिकता दिनुपर्छ। त्यसैले, यो निर्णय पुनर्विचार गर्दै कमजोर वर्गलाई असर नपर्ने वैकल्पिक उपाय खोज्नु आजको आवश्यकता हो।

# आजको जटिल विश्व र चेतना निर्माणको प्रश्न

डा. चूडाप्रसाद ढकाल


डा. चूडाप्रसाद ढकाल

लेखमा विश्व भूराजनीतिक शक्ति संघर्ष, प्रविधि र एकाधिकार पुँजीवादको जटिलतालाई चित्रण गरिएको छ।

लेखले नेपालमा असन्तोषको ऊर्जा भए पनि त्यसलाई परिवर्तनको बाटोमा डोर्याउने दिशा कमजोर रहेको औंल्याएको छ।

लेनिनका विचारलाई उद्धृत गर्दै, संगठित प्रयास र वैचारिक स्पष्टता बिना सामाजिक परिवर्तन सम्भव छैन भनिएको छ।

आजको विश्व भू-राजनीतिक शक्ति संघर्ष, एकाधिकारवादी पुँजीको वैश्विक सञ्जाल र प्रविधिको अभूतपूर्व नियन्त्रणले जेलिएको जटिल संरचना हो । यहाँ एकातिर वैश्विक आपूर्ति शृङ्खलाले श्रमिकको जीवनलाई केवल बजारको एउटा सानो र उपेक्षित पुर्जामा खुम्च्याएको छ भने अर्कोतिर डिजिटल 'अल्गोरिदम' ले मानिसको सोच्ने र निर्णय गर्ने क्षमतालाई घेराबन्दीमा पारेर सामाजिक सञ्जालको 'इकोच्याम्बर' भित्र कैद गरिदिएको छ ।

नेपालमा पनि यो जटिलता ठ्याक्कै प्रतिबिम्बित भइरहेको छ। काठमाडौंका सडकमा पोखिएको जेनजी पुस्ताको आक्रोशदेखि गाउँका चोकमा हुने वैचारिक शून्यतासम्म, हरेक तहमा असन्तोषको ऊर्जा प्रचुर छ। तर, यो ऊर्जालाई परिवर्तनको बाटोमा डोऱ्याउने ऐतिहासिक दिशा अत्यन्तै दुर्बल छ।

यस्तो समयमा एउटा समयातीत प्रश्न सबैका अघिल्तिर भभिएको छ- के स्वतःस्फूर्तता मात्रै पर्याप्त छ ? यही प्रश्नले हामीलाई पुनः भ्लादिमिर लेनिनतर्फ फर्काउँछ । चौतारीमा गफगाफ त चल्छ, तर त्यसको निश्चित बाटो भेटिँदैन । सत्य यही हो कि असंगठित आवाजले गन्तव्यमा पुगिँदैन ।

लेनिनले सन् १९०२ मै आफ्नो कालजयी कृति 'ह्वाट इज टु बी डन ?' मार्फत एउटा कडा चेतावनी दिएका थिए । उनका अनुसार स्वतःस्फूर्त आन्दोलनले तत्कालको पीडा चिन्छ, तर मुक्तिको संरचनागत निकास देख्दैन । यसले केवल 'ट्रेड युनियनवादी चेतना' मात्रै पैदा गर्छ, जसले व्यवस्थाभित्र केही सुधार वा सुविधा त माग्छ, तर व्यवस्थाको आमूल रूपान्तरण गर्न सक्दैन ।

इतिहास साक्षी छ, उत्पीडित वर्गलाई आफैँमा क्रान्तिकारी चेतना प्राप्त हुँदैन। यो चेतना वैज्ञानिक संगठन र कठोर वैचारिक श्रममार्फत बाहिरबाट भर्नुपर्छ । यो कुनै लहड होइन, बरु अनुशासनबद्ध तर्क र रणनीतिक अभ्यासको उपज हो।

इन्साइक्लोपिडिया ब्रिटानिकाले लेनिनवादी संगठनलाई एउटा 'ज्ञानात्मक इन्जिन' का रूपमा व्याख्या गरेको छ। यो यस्तो संरचना हो, जसले समाजमा छरिएको असन्तोषलाई सङ्कलन गरी त्यसलाई वैज्ञानिक दिशा दिन्छ। आजको डिजिटल युगमा हाम्रो समाजमा यही इन्जिनको अभाव छ।

हाम्रा किसानले बजारमा आफ्नो उत्पादनको मूल्य नपाउँदा आक्रोश पोख्छन्, तर उनीहरू विश्वव्यापी श्रम र पुँजीको कुन जालोमा बेरिएका छन् भन्ने बुझ्न सकिरहेका हुँदैनन् । ज्ञानात्मक इन्जिनले नै क्षणिक आक्रोशलाई ऐतिहासिक शक्तिमा बदल्ने हैसियत राख्दछ।

इतिहासकार लार्स टी. लिहको विश्लेषण यहाँनेर प्रासङ्गिक छ। लेनिनका लागि 'सक्षम नागरिकता' नै राजनीतिको मूल लक्ष्य थियो । सक्षम नागरिकको अर्थ समाजको संरचनात्मक यथार्थ र असमानताको स्रोत पहिचान गर्न सक्ने सक्रिय व्यक्ति हो । यस्तो नागरिक स्वतःस्फूर्त जन्मँदैन। यसका लागि निरन्तर वैचारिक श्रम चाहिन्छ।

आजको पपुलिज्म र डिजिटल एल्गोरिझले यस्तो गम्भीर नागरिकतालाई विस्थापित गरेर मानिसलाई केवल उपभोक्ता वा भावनाको सिकार बनाइरहेका छन् । डिजिटल संसारले सूचना त दिन्छ, तर व्याख्या दिँदैन । आजको नेपाली युवाले फोनको स्क्रिनमा घण्टौं समय बिताउँछ, तर त्यही एल्गोरिमले उसलाई उसको इकोच्याम्बरमा कैद गरिदिएको छ । यसले गर्दा ऊ आफ्नै समस्याको वास्तविक जरोसम्म पुग्नै पाउँदैन।

उदाहरणका लागि मगर समुदायको स्थानीय असन्तोषले पहिचानको माग त गर्छ, तर त्यो माग वैश्विक पुँजीवादी जालोसँग जोडिन नसक्दा अधुरो रहन्छ । सूचनाको यो बाढीमा व्याख्याको अभाव हुनु नै राजनीतिक विचलनको मुख्य कारण हो।

यस सन्दर्भमा, लेनिनको 'सामाजिक परिवर्तन केवल भावनाले होइन, वैचारिक कठोरता र अनुशासित संगठनको संयोजनले मात्र सम्भव हुन्छ' भन्ने कथन विल्कुलै सान्दर्भिक ठहर्छ । लेनिनका यी कथन केवल क्रान्तिकारी राजनीतिका सूत्र मात्र होइनन्, बरु जुनसुकै गम्भीर ऐतिहासिक परियोजनाका प्रस्थानविन्दु हुन्।

चेतना बिनाको संगठन आयु विहीन हुन्छ र संगठन बिनाको चेतना शक्तिहीन । नेपालको आजको मुख्य समस्या यही दिशाबोधको शून्यता हो। हाम्रो देशमा असन्तोष त प्रचुर छ, तर त्यसले कुनै निश्चित क्रान्तिकारी पहलकदमीलाई धक्का दिन सकेको छैन ।

जेनजी पुस्ताको सडक उभार किन असफल भयो ? किनकि त्यहाँ वैचारिक अनुशासनको इन्जिन थिएन। दशकौं लामो युद्धका संरचनाहरू जर्जर हुनुका कारण पनि चेतना निर्माणको प्रक्रिया वैज्ञानिक नहुनु नै हो। संगठन भनेको भावनात्मक जमात होइन, यो त एउटा साझा बुझाइ, तर्कको अभ्यास र निरन्तर संवाद चल्ने कारखाना हो। राजनीतिक अव्यवस्थामा नयाँ आशा राख्ने नागरिकहरूले लेनिनका यी सूत्रहरूलाई नजरअन्दाज गर्नै सक्दैनन् । नेटवर्कयुक्त यो संसारमा अबको चेतना केवल आर्थिक संरचनामा मात्र सीमित भएर पुग्दैन । संगठन अब केवल पदानुक्रम मात्र हुनहुँदैन, सचेत नागरिकहरूको एउटा शक्तिशाली नेटवर्क बन्नुपर्छ।

नेपालमा जमिनी यथार्थ बुझ्ने क्षमता कमजोर हुनुका पछाडि वैचारिक संवादको अभावले भूमिका खेलेको छ। अर्को उदाहरण, दलित युवाको फोन स्क्रोलले मात्रै उसलाई विदेशी लगानी वा राष्ट्रिय अर्थतन्त्रको असर बुझाउन सक्दैन। हामीलाई चोक र चौतारीका जस्तो जीवन्त संवाद चाहिन्छ, जहाँ असन्तोषले बाटो भेटोस्। छलफलले समाजलाई सफल उदाहरणसम्म पुऱ्याउँछ।

गुरुङ महिलाहरूको सामुदायिक समूह आमा समूहको सफलता एउटा सानो तर जीवन्त उदाहरण हो। उनीहरूले स्थानीय असन्तोषलाई सामूहिक शक्तिमा बदल्दै सामाजिक रूपान्तरणको औजार बनाएका छन्। जब स्थानीय समस्या राष्ट्रिय र वैश्विक संरचनासँग जोडिन्छ, तब मात्र परिवर्तनको ढोका खुल्छ।

अन्तमा, हामी पुनः त्यही जटिल विश्वको यथार्थमा आइपुग्छौँ। वैश्विक आपूर्ति शृङ्खलाको जालोमा पिल्सिएको असन्तोष केवल एउटा आवाज हो। तर चेतना त्यो आवाजलाई हिँडाउने बाटो हो र संगठन सामूहिक पाइलो हो। लेनिनले यसलाई प्रमाणित गरेर देखाएका छन् कि वैचारिक स्पष्टता, अनुशासित संगठन र रणनीतिक चेतनाको संयोजन विना परिवर्तन असम्भव छ।

यो एकीकृत चेतनाको निर्माण गर्नु नै आज हाम्रो साझा ऐतिहासिक जिम्मेवारी हो। परिवर्तन भावनाले मात्र होइन, वैचारिक कठोरता र रणनीतिक क्रियाशीलताको संयोजनले सम्भव हुन्छ। के हामी यो वैचारिक थलो निर्माण गर्न तयार छौं ? समय बदलिन्छ, तर लेनिनले स्थापित गरेका यी नियमहरूको तीक्ष्णता कहिल्यै कम र कमजोर हुँदैनन्।

लागु पदार्थको सेवनबाट आफु पनि बचौ र अरुलाई पनी बचाऔ

लागू पदार्थको सेवनबाट हुने शारीरिक असर:-
एच. आई.भि. / एड्स,हेपाटाईटिस तथा यौनजन्य रोगहरु संक्रमण हुने,तौल घट्ने, शरीर दुव्लाउने, खानामा रुचि नहुने,ओभरडोज भएर मृत्यु समेत हुने ।




मानसिक असर:-
एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन,सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने,नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।




पारिवारिक तथा सामाजिक असर: -
पारिवारिक असमझदारीबढ्ने, घरको सामानहरु चोरी हुने, दैनिक झगडा गर्ने,सम्पत्ति घट्दै जाने, पारिवारिक दुरि बढ्ने,अनैतिक कार्यमा संलग्न हुने भएकोले आजैदेखी लागूपदार्थको कुलत त्यागौ ।

लागूऔषध बिरुद्धको अभियान सम्बृद्ध र सभ्य समाजको निर्माणमा लागौ ।

देवाही गोनाही नगरपालिका, रौतहट
प्रेमपुर गोनाही, रौतहट, मधेश प्रदेश, नेपाल

सर्पको टोकाईबाट बच्न अपनाउनुपर्ने उपायहरु :



- घर अगाडिका झाडी,कसमल काटेर सफा गरौं
- घरका भित्तामा भएका प्वाल टाल्ने र मुसा छिर्ने दुलोहरु पुर्ने गरौं
- झ्याल र ढोकामा जाली लगाउने
- खेतबारीमा काम गर्दा पुरा बाहुलाको कपडा र खुट्टामा छालाको बुट लगाऔं
- रातिमा हिड्डुल गर्दा लाइट बालेर हिंड्ने गरौं
- भुईंमा नसुतौं , खाटमाथि सुतौं र झुल लगाउने गरौं

सर्पले टोकेमा ध्यान दिनुपर्ने कुराहरु :

- सर्पले टोकेमा धामी, झाँक्रीको खोजीमा समय बरबाद नगरौं, तुरुन्त अस्पताल वा सर्प दंशको उपचार केन्द्रमा लैजाऔं
- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन् सान्त्वना दिने गरौं
- सर्पले टोकेको व्यक्तिलाई केही पनि खान नदिने र निदाउन दिन हुँदैन
- शरीरमा भएको घडी, चुरा, औंठी, पाउजु, पेटी खोली दिऔं
- सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतह भन्दा तल पार्न लगाऔं
- सर्पले (टोकेको भागलाई डोरी वा ट्युबले अत्यधिक कसेर नबाँधौं) टोकेको ठाउँ छोप्न सफा, सुख्खा पट्टीले बलियो गरी बेर्ने र सो पट्टी नहल्लियोस् भनेर अर्को पट्टीले कस्ने गरौं
- सर्पले टोकेको भागलाई हलचल गराउन र हिंड्न नदिऔं
- सवारी साधनमा लैजाँदा घाइतेलाई बसालेर लैजाऔं

मौलापुर नगरपालिका रौतहट
पतौरा मधेश प्रदेश, नेपाल

## स्वास्थ्य, जीवशैली र शिक्षा समाचार

# महिला उद्यम प्रवर्द्धनमा मिडियाको भूमिका विषयमा छलफल

काठमाडौं, चैत १६ ॥ महिला उद्यमशीलता प्रवर्द्धनमा मिडियाको भूमिकाबारे सञ्चारिका समूह नेपालले सोमबार काठमाडौंमा विज्ञहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ। कार्यक्रममा मूलधारका सञ्चारमाध्यमले महिला उद्यमीका विषयलाई कति प्राथमिकता दिएका छन् भन्ने विषयमा विस्तृत छलफल गरियो।




छलफलमा सहभागी सम्पादक, नागरिक समाजका प्रतिनिधि, मानवअधिकारकर्मी तथा पत्रकारहरूले महिलाका साना-साना उद्यमका कथा पनि सकारात्मक ढंगले मिडियामा प्रस्तुत गर्नुपर्नेमा जोड दिएका थिए। सञ्चारिका समूहले जिआईजेड नेपालको सहयोगमा देशभरका महिला उद्यमीहरूको संघर्ष र सफलताका कथामा आधारित २१ वटा 'उद्यमी महिला' शीर्षकका फेलोसिप स्टोरीहरू प्रकाशन गरेको जानकारी दिइयो।

बाह्रखरीका प्रधान सम्पादक हरिबहादुर थापाले राजनीतिक विषयले मात्र प्राथमिकता पाइरहेको वर्तमान अवस्थामा महिला उद्यमीका प्रेरणादायी कथालाई मूलधारमा ल्याउनु सकारात्मक कदम भएको बताए। उनले साना भए पनि प्रेरणादायी विषयहरू उजागर गर्दा अन्य महिलालाई उद्यमशीलतामा लाग्न हौसला मिल्ने उल्लेख गरे।

कार्यक्रममा महिला उद्यमी श्याम वदन श्रेष्ठले आफ्नो अनुभव सुनाउँदै महिला उद्यमीहरूले परिवारको जिम्मेवारीसँगै बचत समय प्रयोग गरेर व्यवसाय गरिरहेको भए पनि मिडियाले पर्याप्त स्थान नदिएको गुनासो गरिन्। उनले मिडियाबाट हौसला र बजार प्रवर्द्धनमा सहयोग आवश्यक रहेको बताइन्।

मानवअधिकारकर्मी चरण प्रसाईंले महिला उद्यमसँग सम्बन्धित विषयलाई मानवअधिकारको दृष्टिकोणबाट उठान गर्नुपर्ने बताए। उनले साना व्यवसायमा संलग्न महिलाप्रति सरकारको संवेदनशीलता बढाउन मिडियाले भूमिका खेल्नुपर्ने धारणा राखे।

सञ्चारिका समूहकी सल्लाहकार तथा पूर्वअध्यक्ष बबिता बस्नेतले डिजिटल माध्यममार्फत महिला उद्यमको प्रचार-प्रसारलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइन्। उनले साना उद्यमका संघर्षका कथा डिजिटल प्लेटफर्मबाट व्यापक रूपमा फैलाउन सकिने बताइन्।

अधिवक्ता पुनदेवी महर्जनले सफलताका कथासँगै कानुनी पक्षलाई पनि मजबुत बनाउन मिडियाले ध्यान दिनुपर्ने उल्लेख गरिन्। जिआईजेड नेपालकी कम्पोनेन्ट म्यानेजर बिनिजा नेपालले महिला उद्यमशीलता प्रवर्द्धनमा मिडिया र विभिन्न निकायबीच सहकार्य आवश्यक रहेको बताइन्। कार्यक्रममा प्रस्तुत गरिएको ६ महिनाको अध्ययन प्रतिवेदनअनुसार विभिन्न प्रदेशमा महिला सम्बन्धी समाचारका विषय फरक-फरक रहेका छन्। सुदूरपश्चिम र कर्णाली प्रदेशमा छाउपडी र स्वास्थ्यसम्बन्धी विषय बढी उठाइएका छन् भने अन्य प्रदेशमा उद्यमशीलता, डिजिटल व्यवसाय र राजनीतिक सहभागितासम्बन्धी समाचारलाई प्राथमिकता दिइएको पाइएको छ।

सञ्चारिका समूह नेपालकी अध्यक्ष कमला पन्थीले अझै पनि सञ्चार माध्यममा महिलाका सफलताभन्दा हिंसा, बलात्कार र आरोपजस्ता नकारात्मक विषयलाई बढी प्राथमिकता दिइएको बताइन्।

कार्यक्रममा २१ जना फेलो, सम्पादक, मेन्टर, नागरिक समाजका प्रतिनिधि, अधिवक्ता तथा महिला उद्यमीहरूको सहभागिता रहेको थियो।

## ईंधन ................

बन्द भएको थिएन। आपूर्ति केही समयका लागि अवरुद्ध भए पनि छिट्टै सामान्य अवस्थामा फर्किएको थियो। तर अहिले अवस्था फरक छ। द्वन्द्वमा कच्चा र प्रशोधित तेल उत्पादन केन्द्र नै निसानामा छन्। अहिले विश्व बजारमा कच्चा तेल र प्रशोधित तेल दुवैको मूल्य बढेको छ। यी दुईबीचको अन्तर मूल्य प्रतिब्यारेल १२० देखि १५० डलरसम्म पुगेको मनोज बताउँछन्। 'सामान्य अवस्थामा कच्चा तेललाई प्रशोधन गर्न लाग्ने खर्च कम हुने भएकाले कच्चा र प्रशोधित तेलबीच प्रति ब्यारेल १० देखि २० डलरसम्म मात्र अन्तर हुन्थ्यो। रूस-युक्रेन द्वन्द्वका बेला यो अन्तर बढेर ५० देखि ६० डलरसम्म मात्र पुगेको थियो,' उनले भने। तेल उत्पादन गर्ने देशहरूमा आक्रमण हुँदा उत्पादन घटेको छ। कच्चा र प्रशोधित तेल उत्पादन हुने क्षेत्रमा पनि असर परेकाले आपूर्ति सीमित भएको छ, तर माग भने विश्वभर धेरै नै छ। स्टेट अफ होर्मुज मार्ग तेल ढुवानीका लागि छोटो दुरी पर्छ। उक्त मार्ग अवरोध भई लामो दुरी प्रयोग गर्नुपर्दा तेलको मूल्य बढाएको छ। द्वन्द्वका कारण जोखिम बढेकाले तेल ढुवानी गर्ने ट्याङ्करको समेत अभाव भएको छ। सवारी साधन प्रयोग नगर्ने वा समूहमा हिँडेर पुग्न सकिने ठाउँमा अनावश्यक इन्धन प्रयोग नगर्न निगमका प्रवक्ता मनोज सुझाउँछन्। 'इन्धनको अतिरिक्त खपतले निगमको घाटा बढाउँछ। उपभोक्ताले पनि महँगीको भार सहनु पर्छ। अनावश्यक खपत नगरौं,' उनले भने।

# राष्ट्रपति पौडेलले संघीय संसदको अधिवेशन बोलाए

काठमाडौं। राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को दुवै सदनको अधिवेशन आह्वान गरेका छन्। नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम राष्ट्रपति पौडेलले आगामी चैत १९ गते बिहीबार दिउँसो २ बजेका लागि संघीय संसदको अधिवेशन बोलाएका हुन्। राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यद्वारा सोमबार जारी विज्ञप्तिमा उल्लेख भएअनुसार आजको मन्त्रिपरिषद्को सिफारिसमा सिंहदरबारस्थित संघीय संसद् भवनमा अधिवेशन आह्वान गरिएको हो। यसअघि सोमबार दिउँसो बसेको मन्त्रिपरिषद् बैठकले संघीय संसद्को अधिवेशन आह्वान गर्न राष्ट्रपति पौडेलसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो। सरकारको उक्त सिफारिस लगत्तै राष्ट्रपति कार्यालयले एक घन्टाभित्रै अधिवेशन आह्वान गरेको हो।

## चार....................

अभियान प्रभावकारी बनेको संकेत गरेको छ। यस्तै पुनः जडान गर्दा लाग्ने ८ प्रतिशत दस्तुरबाट मात्र १४ लाख ८६ हजार ७०७ रुपैयाँ ८९ पैसा थप राजस्व संकलन भएको छ। प्राधिकरणका अनुसार यो रकम पनि केन्द्रको आम्दानीको महत्वपूर्ण हिस्सा बनेको छ।

गौर वितरण केन्द्रले चुहावट नियन्त्रण, नियमित अनुगमन, तथा बक्यौता असुलीलाई प्राथमिकतामा राख्दै आगामी दिनमा अझ सशक्त अभियान सञ्चालन गर्ने जनाएको छ। विद्युत सेवा दुरुपयोग गर्ने तथा समयमै बिल नतिर्ने उपभोक्तामाथि कडाइ गरिने र कानुनी दायरामा ल्याइने चेतावनी समेत प्राधिकरणले दिएको छ।

## मनोरञ्जन समाचार

# अनमोलको जन्मदिनमा फिल्म 'बाटुलो जून' को प्रदर्शन घोषणा

फिल्म 'बाटुलो जून' नयाँ वर्ष २०८३ को दसैं फूलपातीको छेकोमा रिलिज हुने भएको छ।

अनमोल केसी र प्रिन्सी खतिवडाको मुख्य भूमिका रहेको फिल्मको फष्टलुक सार्वजनिक भएको छ।

ग्रामीण परिवेशको प्रेमकथामा आधारित फिल्म जिया केसी र भविष्य खड्काले निर्माण गरेका हुन्।




काठमाडौं। फिल्म 'बाटुलो जून' नयाँ वर्ष (२०८३) दसैंको फूलपातीको छेको पारेर असोज ३० गते रिलिज हुने भएको छ।

निर्माण युनिटले सोमबार अभिनेता अनमोल केसीको जन्मदिनको अवसर पारेर फिल्मको प्रदर्शन मिति घोषणा गरेको हो।

सनराइज पिक्चर्स प्रालिको ब्यानरमा निर्माण भएको फिल्ममा अनमोल र प्रिन्सी खतिवडाको मुख्य भूमिका छ। फिल्मको फष्टलुक समेत सार्वजनिक भएको छ। जसमा अनमोल र प्रिन्सी फिचरिङ छ। पूर्णिमाको टहलाउँदो जूनलाई पृष्ठभूमिमा राखिएको पोस्टरमा अनमोलले एक हातमा तत्कालीन परिवेशको प्रकाशको प्रतिबिम्ब राँको बोक्दा अर्को हातले प्रिन्सीको पाउजु सहितको खुट्टा समाएका छन्।

ग्रामीण परिवेशको प्रेमकथा जोडिएको फिल्म जिया केसी र भविष्य खड्काले निर्माण गरेको हो। अभिनेता भुवन केसीले निर्देशन गरेको फिल्ममा भुवन केसी, अनमोल केसी, प्रिन्सी खतिवडा, नेन्सी खड्का, प्रकाश घिमिरे, रेअर राई, दीपक केसी, श्वेता मिश्र, लक्ष्मी गिरी, शारदा गिरी, लक्ष्मीनाथ तिमिल्सिना, शिशिर शिवाकोटी, अर्पण घतानी, विविका पौडेल र कमल देवकोटाको अभिनय समावेश छ।

फिल्म काठमाडौं, म्याग्दी, नुवाकोट, चित्लाङ र पोखरा लगायतका स्थानमा छायाङ्कन गरिएको छ। तेजविक्रम केसी फिल्मका कार्यकारी निर्माता छन् भने लेखन सामिप्यराज तिमिल्सिना र सरिन पोखरेलको छ।

लागु पदार्थको सेवनबाट आफु पनि बचौ र अरुलाई पनी बचाऔं

लागू पदार्थको सेवनबाट हुने शारीरिक असर:-

एच. आई.भि. / एड्स,हेपाटाईटिस तथा यौनजन्य रोगहरु संक्रमण हुने,तौल घट्ने, शरीर दुव्लाउने, खानामा रुचि नहुने,ओभरडोज भएर मृत्यु समेत हुने ।





मानसिक असर:-

एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन,सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने,नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।

पारिवारिक तथा सामाजिक असर: -

पारिवारिक असमझदारीबढने, घरको सामानहरु चोरी हुने, दैनिक झगडा गर्ने,सम्पत्ति घट्दै जाने, पारिवारिक दुरि बढने,अनैतिक कार्यमा संलग्न हुने भएकोले आजैदेखी लागूपदार्थको कुलत त्यागौं ।



लागूऔषध बिरुद्धको अभियान सम्बूद्ध र सभ्य समाजको निर्माणमा लागौं ।

ईशनाथ नगरपालिका
औरैया, रौंतहट मधेश प्रदेश, नेपाल

## तपाईंको आजको दिन कस्तो रहनेछ

**मेष** :- आज बोलीवचन एवं प्रवचन भाषण आदिमा प्रशंसा मिल्नेछ। परोपकारी कार्यमा संलग्न भइनेछ। प्राविधिक कार्यमा जुट्दा फाइदा हुने समय पनि छ।

**वृष** :- अपरोपकारजन्य कार्यमा लगाव बढ्ने र धन सञ्चयको अवसर प्राप्त हुनेछ। आजको दिन मनोरञ्जनपूर्ण रहनेछ। व्यवसायिक क्षेत्रबाट पनि लाभ हुनेछ।

**मिथुन** :- आज शरीरमा कमजोरी अनुभूति हुनेछ। आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ, तर साँझमा भने मनमा हर्ष र प्रसन्नता छाउनेछ।

**कर्कट** :- घर व्यवहारमा झमेला रहला। प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ। दैनिक कार्यमा सफलता पाइनेछ।

**सिंह** :- परिणाममुखी जिम्मेवारी वहन गर्ने समय आएको छ। मठमन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ। परोपकारी कार्यमा संलग्न भइनेछ।

**कन्या** :- आज कामको सन्दर्भमा आउँने प्रतिस्पर्धीहरुलाई किनारा लगाउँदै महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिनेछ। सजिलै अरुको मन जित्न पनि सकिनेछ।

**तुला** :- आज आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ। गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ।

**वृश्चिक** :- आज भाग्यले साथ दिनेछ। आज परोपकार तथा सहयोग आदिमा पनि भूमिका निर्वाह गर्न पाइनेछ। आफन्तजनहरु खुसी हुने समाचार दिन सकिन्छ।

**धनु** :- वाणीमा कुशलता आउने दिन परेको छ। करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। यात्रा गर्ने अवसर पनि जुट्नेछ।

**मकर** :- घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ। परिवारभित्रका झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ। आम्दानीमा पनि कमी आउनेछ।

**कुम्भ** :- आज गोप्य सूचना बाहिरिनाले समस्या आउनेछ। यात्रा गर्दा ध्यान दिनुहोला बाटोमा दुःख हुन सक्छ, तर आफन्तको साथ र सहयोग पाइनेछ।

**मीन** :- धार्मिक र सामाजिक महत्त्व भएको क्षेत्रमा भ्रमण हुनसक्छ। दूरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छ।

# बालेनले सत्ता सम्हाल्दै गर्दा यस्तो छ देशको आर्थिक अवस्था



**काठमाडौं, चैत १६ ॥** प्रधानमन्त्री बालेन शाहले सत्ता सम्हालेपछि आर्थिक बागडोर सम्हाल्ने जिम्मा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको हातमा आएको छ।
झन्डै दुई-तिहाइ बहुमतको यो सरकार का अगाडि आर्थिक चुनौती सानो छैन। अर्थतन्त्रका प्रमुख सूचकहरू हेर्ने हो भने महँगी नियन्त्रणमा रहनु, रेमिटेन्स भित्रिने दर उच्च हुनु र विदेशी मुद्राको सञ्चिति पर्याप्तभन्दा धेरै हुनु सरकार का लागि सकारात्मक सूचक हुन्। यसले अर्थतन्त्रको गति सुस्त भए पनि दुर्घटनाको डर छैन।
तर बैंकहरूमा थुप्रिएको रकम लगानी हुन नसक्नु चुनौतीको विषय हो। आन्तरिक उपभोगमा आइरहेको शिथिलता उकास्नु अर्को चुनौती हो।
यी सबका बीच मध्यपूर्वको तनावले खाडी राष्ट्रहरूबाट भित्रिने रेमिटेन्स आम्दानी प्रभावित हुने खतरा बढाएको छ। यसले आन्तरिक माग थप घटाउन सक्छ। विदेशी मुद्रा सञ्चितिमा पनि प्रभाव पर्न सक्छ। यसबाट अर्थतन्त्रमा पर्न सक्ने जोखिम न्यूनीकरण गर्न सर कारले काम गर्नुपर्नेछ।
यो स्टोरीमा हामीले देशका प्रमुख आर्थिक सूचकमध्ये कुन राम्रो, कुन सहज र कुन चिन्ताजनक छ भनेर केलाएका छौं। यसका लागि हामीले नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको माघ मसान्तसम्मको तथ्यांक हेरेका छौं।

**महँगी – सहज**

राष्ट्र बैंकको माघ मसान्तसम्मको तथ्यांक हेर्ने हो भने वार्षिक मूल्य वृद्धिदर औसत १.९२ प्रतिशत छ। माघ महिनाको मात्र मूल्य वृद्धिदर ३.२५ प्रतिशत पुगेको छ।
अहिलेसम्मको तथ्यांक हेर्दा मूल्य वृद्धिदर नियन्त्रणमै देखिन्छ। यो वार्षिक लक्ष्यभन्दा कम नै हो। राष्ट्र बैंकले चालु आर्थिक वर्षभित्र महँगी दर औसत ५ प्रतिशतमा सीमित राख्ने लक्ष्य लिएको छ।
तर मध्यपूर्वको तनाव बढ्दै जाने हो भने महँगी दर हामीले सोचेभन्दा बढी हुन सक्छ।
खासगरी पेट्रोलियम पदार्थमा हुन सक्ने उच्च मूल्यवृद्धिले ढुवानी लागत बढ्न गई समग्र उपभोग्य वस्तुको मूल्य अकासिन सक्ने चुनौती छ।

**रेमिटेन्स भित्रिने दर – राम्रो**

पछिल्लो दुई वर्षदेखि नेपालमा रेमिटेन्स भित्रिने दर राम्रो छ। मासिक एक खर्ब रूपैयाँभन्दा धेरै रेमिटेन्स भित्रिरहेको छ।
राष्ट्र बैंकको तथ्यांक अनुसार चालु आर्थिक वर्ष माघसम्म १२ खर्ब ६१ अर्ब रूपैयाँ रेमिटेन्स भित्रिएको छ।
यसमा पनि मध्यपूर्वको तनावले प्रतिकूल असर पार्न सक्ने चुनौती देखिन्छ। खाडी राष्ट्रमा काम गर्ने नेपाली कामदारहरूको आय प्रभावित हुन सक्ने विज्ञहरूले बताएका छन्।

**विदेशी मुद्राको सञ्चिति – राम्रो**

राष्ट्र बैंकले प्रकाशित गरेको तथ्यांक अनुसार साउनदेखि माघसम्म विदेशी मुद्रा सञ्चिति ३३ खर्ब रूपैयाँ नाघेको छ। यसले १८ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने राष्ट्र बैंकले जनाएको छ।

**बैंकिङ क्षेत्रमा लगानीयोग्य कर्जा – राम्रो**

रेमिटेन्समा भइरहेको वृद्धिका कारण बैंकिङ प्रणालीमा लगानीयोग्य पुँजी पर्याप्त छ।
अहिले बैंकिङ प्रणालीमा ११ खर्ब रूपैयाँ हाराहारी लगानीयोग्य रकम रहेको राष्ट्र बैंकले जनाएको छ। सरकारले लगानीको वातावरण बनाएर निजी क्षेत्रको मनोबल उकास्ने हो भने यो पुँजी उत्पादक क्षेत्रमा जान सक्ने र यसले समग्र आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पार्ने देखिन्छ।

**निजी क्षेत्रबाट कर्जाको माग – चिन्ताजनक**

बैंकहरूमा लगानीयोग्य पुँजी पर्याप्त भए पनि निजी क्षेत्रबाट कर्जाको माग बढेको छैन। बैंकहरूबाट निजी क्षेत्रतर्फ गएको कर्जाको वार्षिक वृद्धिदर ६.८ प्रतिशत मात्र छ। कर्जा प्रवाह बढाएर आर्थिक वृद्धि उकास्न निजी क्षेत्रको मनोबल बढाउनु सरकारका लागि सबभन्दा ठूलो चुनौती हो।
राष्ट्र बैंकका अधिकारीहरू भने अहिलेको कर्जा लगानी दर उच्च नभए पनि पहिलेकै लगानी बढी भएकाले सामान्य रूपमा लिनुपर्ने बताउँछन्।

**कर्जाको ब्याजदर – राम्रो**

अहिले बैंक तथा वित्तीय संस्थाहरूबाट कम ब्याजमै कर्जा पाइने अवस्था छ। माघमा कर्जाको औसत ब्याजदर ७ प्रतिशत थियो। केही क्षेत्रमा बैंकहरूले योभन्दा कम दरमा कर्जा प्रवाह गरिर हेका छन्। बैंकहरूसँग पर्याप्त पुँजी भएको र ब्याजदर पनि कम भएको अवस्थामा सकारात्मक माहोल बन्दै गए निजी क्षेत्रले सस्तो दरको पुँजीबाट लाभ लिनसक्ने अवस्था छ।

**चुनौतीहरू**

माथि उल्लिखित परिसूचकले नै अहिलेसम्म अर्थतन्त्रलाई थप शिथिलतातर्फ जान नदिन सहयोगी भूमिका खेलिरहेको अर्थशास्त्रीहरू बताउँछन्। तर यी सकारात्मक पक्ष नै आगामी दिनमा नकारात्मक बन्न सक्ने चुनौती छ।
'मध्यपूर्वको द्वन्द्व लम्बिँदा रेमिटेन्स भित्रने दरमा कमी आउनसक्छ। सरकारको आम्दानी घट्न सक्छ। यसले मूल्य वृद्धि र बैंकिङ प्रणालीमा रहेको तरलतामा समेत दबाब पर्ने देखिन्छ,' राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक डा. गुणाकर भट्टले भने।
उनका अनुसार पेट्रोलियम पदार्थको मूल्यले आगामी दिनमा नेपालको अर्थतन्त्रमा चुनौती थप्न सक्छ।
युद्ध लम्बिँदै जाँदा पेट्रोलियम पदार्थको मूल्य वृद्धिले विश्व अर्थतन्त्रको लागत बढाइरहेको छ। सोमबार बिहान अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल ( ब्रेन्ट आयल) को मूल्य प्रतिब्यारेल ११५ डलर पुगेको छ। यो द्वन्द्व सुरू हुनुअघि प्रतिब्यारेल ७० देखि ७२ डलर थियो। युद्ध सुरू भएयता नेपाल आयल निगमले पेट्रोल लगायतका इन्धनको मूल्य समायोजन गरिसकेको छ। सामान्यतया १५ दिनमा मूल्य समायोजन गर्ने निगमले १० दिन पुग्दै गर्दा बुधबार पेट्रोलमा प्रतिलिटर १५ रूपैयाँ र डिजेलमा १० रूपैयाँ वृद्धि गरिसकेको छ। यसले पनि घाटा समायोजन नभएको निगमले जनाएको छ। यसबाट आगामी दिनमा मूल्य थप बढ्न सक्छ।
नेपालले चालु वर्षको पहिलो सात महिनामा १ खर्ब ५८ अर्ब रूपैयाँ मूल्यको पेट्रोलियम पदार्थ आयात गरेको थियो छ। तेलको मूल्य बढ्दै जाँदा पेट्रोलियम आयातमा थप पैसा बाहिरिने छ। यसको सोझो दबाब विदेशी मुद्रा सञ्चितिमा पर्नेछ।
त्यस्तै, डिजेलको मूल्यवृद्धिले ढुवानी लागत बढ्न गई उपभोग्य वस्तुहरूको मूल्य बढ्ने हुँदा आम जनताको दैनिक जीवन प्रभावित हुन सक्छ।
यति मात्र होइन, मध्यपूर्वको तनावले खाडी मुलुकहरूमा नेपालीहरूले पाइरहेको रोजगारीमा पनि असर पर्ने खतरा छ। नेपालीहरूका लागि वैदेशिक रोजगारका प्रमुख गन्तव्यमध्ये खाडी राष्ट्र पनि पर्छन्। यी क्षेत्रमा चैत ३ अघि श्रम स्वीकृति रोकिएको भए पनि अहिले खुला गरिएको छ। तर तनाव लम्बिँदै गए त्यहाँ वैदेशिक रोजगारीमा जानेहरू घट्न सक्छन्। हाल यी मुलुकमा १७ लाख नेपाली छन्।
बाहिरी दबाब र यसले आन्तरिक अर्थतन्त्रमा पार्ने प्रभावका कारणले सुस्त गतिमा रहेको नेपाली अर्थतन्त्रलाई थप प्रभाव पार्न सक्ने अर्थशास्त्री डा. भट्ट बताउँछन्।
'संसारमा अहिलेसम्म भएका ठूला मन्दीहरूमा तीनवटा मन्दी पेट्रोलियम पदार्थको मूल्यकै कारण उत्पन्न भएको थियो,' उनले भने।
सामान्यतया कच्चा तेलको मूल्य १० डलर बढ्दा अमेरिकाको अर्थतन्त्र ०.२ प्रतिशत घट्ने देखिएको 'फोर्ब्स' पत्रिकाले उल्लेख गरेको छ। देश अनुसार यो दर फरक पर्न सक्छ। तेलमा बढी निर्भरता र आयातमा निर्भर मुलुकहरूमा यसको दबाब धेरै पर्छ।
नेपालले चालु आर्थिक वर्ष ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको थियो। एक महिनाअघि यस्तो लक्ष्य संशोधन गर्दै ३.५ प्रतिशतमा सीमित गरिएको थियो। मध्यपूर्वको तनावले नेपालका आन्तरिक परिसूचकहरू खल्बलिए आर्थिक वृद्धिदर अझ तल जानसक्छ।
यसबीच मध्यम र न्यून वर्गको पुँजी 'ब्लक' हुनु अर्को चिन्ताको विषय हो। घरजग्गाको कारोबारमा शिथिलता र सहकारी संस्थाहरूमा सर्वसाधारणको बचत फस्दा केही वर्षदेखि नै मध्यम र न्यून वर्ग समस्यामा छन्।
अहिले पनि घरजग्गाको कारोबार फस्टाउन सकेको छैन। गत वर्ष फागुनको तुलनामा यो वर्ष फागुनमा घरजग्गा कारोबार २० प्रतिशत घटेको देखिन्छ। गत फागुनमा देशभर ४६ हजार संख्यामा घरजग्गा कारोबार भएको थियो। यो फागुनमा ३६ हजार ४ सय ७१ संख्यामा घरजग्गा कारोबार भएको छ।
त्यस्तै, सहकारी संस्थाहरूबाट कुल ७ खर्ब रूपैयाँ निक्षेप परिचालन भएको छ। धेरै सर्वसाधारणले सहकारीमा र ाखेको पैसा फिर्ता पाउन सकेका छैनन्। समस्याग्रस्त २३ वटा सहकारी संस्थामा सर्वसाधारणका ३९ अर्ब रूपैयाँभन्दा धेरै रकम अड्किएको छ।
सरकारको आफ्नो हिसाबकिताब पनि सन्तोषजनक छैन। फागुनसम्म सरकार ले ६ खर्ब ५८ अर्ब रूपैयाँ राजस्व उठाएको छ। आन्तरिक ऋण, बजेट सहायता लगायतबाट सरकारले थप ३ खर्ब ४३ अर्ब प्राप्त गरेको छ। सरकार को खर्च भने ९ खर्ब २७ अर्ब बराबर छ। सरकारको खर्च बढे पनि पूर्वाधार विकासमा सहयोग पुग्ने पुँजीगत खर्च २० प्रतिशतभन्दा माथि जान सकेको छैन। यस्तो अवस्थामा मध्यपूर्वको द्वन्द्व लम्बिए नयाँ सरकारलाई बाह्य र आन्तरिक दुवैतर्फ दबाब बढ्ने देखिन्छ।
राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. र ामशरण खरेल अहिले नै अवस्था नबिग्रिएको भए पनि यो द्वन्द्व लम्बिए केही समय समस्या हुने बताउँछन्।
'यो अवस्था लम्बिए रेमिटेन्स, विदेशी मुद्रा सञ्चिति, पर्यटन क्षेत्र सबैमा प्रभाव पर्छ,' खरेलले भने, 'अहिलेको अवस्था भने नियन्त्रणमै छ।'

# इन्धन मूल्यवृद्धिले निगमको घाटा बढाउँदै १५ दिनमै ४ अर्ब घाटा


**काठमाडौं, चैत १६॥** अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य लगातार बढ्दा नेपाल आयल निगमको घाटा बढ्ने संकेत देखिएको छ।
सरकारी स्वामित्वमा सञ्चालित नेपाल आयल निगमले भारतबाट प्रशोधित तेल आयात गरी बिक्री-वितरण गर्दै आएको छ । निगमले इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट तेल किन्छ।
निगमले पूर्ण स्वचालित मूल्य लागू गरे पनि भदौ २३ र २४ गते भएको जेनजी आन्दोनलपछि यसलाई निरन्तर ता दिन नसकिएको निगमका प्रवक्ता मनोज ठाकुरले बताए
'जेनजी आन्दोनपछि मुलुकको अवस्था अर्कै बन्यो। त्यसपछि तुरून्तै ठूला चाडपर्व सुरू भयो,' उनले भने, 'त्यतिखेर आइओइसीबाट बढेर आएको बराबर नै मूल्य समायोजन गर्न सकनौं। घाटामा चल्यौं। त्यसपछि इरान-इसराइलको द्वन्द्वले घाटा झनै बढ्यो।'
उनका अनुसार जेनजी आन्दोलन पछिको अवस्था र चाडपर्वको समयमा उपभोक्तालाई महँगीको भार नपरोस् भनेर पूरा मूल्य समायोजन नगरिएको हो।
त्यो समय आइओसीबाट मूल्य धेरै बढेर नआएकाले घाटा न्यून थियो। तर इरान-इसराइलको द्वन्द्वपछि भने आइओसीबाटै धेरैले मूल्य बढेर आउँदा घाटा पनि बढेको छ। निगमलाई आइओसीले १५/१५ दिनमा नयाँ मूल्य सूची पठाउँछ। मार्चदेखि निगमको घाटा बढ्न सुरू भएको देखिन्छ। १५ दिनमा (१६ मार्चदेखि ३१ सम्म) ४ अर्ब रूपैयाँ घाटा हुने देखिएको मनोजले जानकारी दिए।
त्यसअघि निगमलाई १ मार्चदेखि १५ सम्म करिब ४८ देखि ५० करोड रूपैयाँ घाटा छ भने त्यसअघिको १० करोड रूपैयाँ घाटा बाँकी छ।




'जेनजी आन्दोलनदेखि अहिलेसम्म पूर्ण स्वचालितमा जान सकेका छैनौं। समायोजन गर्दै जाँदा पुरानो घाटा १० करोड थियो। मार्चको सुरूदेखि नै घाटामा छौं,' मनोजले भने।
१५ मार्चमा आइओसीबाट पेट्रोलमा ३१ र डिजेलमा ५४ रूपैयाँ बढेर आएको थियो भने खाना पकाउने एलपिजी ग्यासमा प्रतिसिलिण्डर दुई सय १६ रूपैयाँ वृद्धि भएको थियो।
तर निगमले भने नेपाली उपभोक्तालाई आइओसीबाट आएको मूल्य कायम नगरी ग्यासको मूल्य यथास्थितिमा राख्दै पेट्रोलमा १५ र डिजेलमा १० रूपैयाँ मात्रै बढाएको थियो।
तर घाटा समायोजन गर्न निगमले फेरि २५ मार्चमा राति एक बजेबाट लागु हुनेगरी पेट्रोल र डिजेलमा १५/१५ रूपैयाँ वृद्धि गर्‍यो।
त्यसपश्चात पनि अहिले निगमलाई पेट्रोलमा करिब ५ रूपैयाँ, डिजेलमा ३० रूपैयाँ र ग्यासमा प्रतिसिलिण्डर २१६ रूपैयाँ घाटा रहेको निगमका प्रवक्ता मनोज बताउँछन्।
'अहिले नै घाटामा छौं हामी। अझै ३१ मार्चमा कति बढेर आउँछ आइओसीबाट थाहा छैन। घाटा कति पुग्ने हो,' उनले भने।
उनका अनुसार अन्तर्राष्ट्रिय बजारमा मूल्य अझै बढ्ने संकेत देखिएको छ। मार्च ३१ मा भारतीय आयल कर्पोरेसनले नयाँ मूल्य पठाउने भएकाले घाटा अझ बढ्ने जोखिम बढेको छ।
निगमले आइओसीबाट तेल खरिद गरेबापत ८ र २३ तारिकमा भुक्तानी गर्नुपर्छ। हालसम्म आइओसीलाई तेल खरिद गरेको सबै पैसा भुक्तानी गरेको छ। तर अब भने कसरी भुक्तानी गर्ने भन्ने यकिन नभएको मनोज बताउँछन्।
'व्यापार घाटामा छ। ८ तारिकमा पैसा बुझाउन पर्छ। कसरी व्यवस्थापन गर्ने छलफल भएको छैन,' मनोजले भने।
समयमा भुक्तानी गर्न सकिएन भने पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या हुनेछ।
रूस-युक्रेन द्वन्द्वको समयभन्दा अहिले पेट्रोलियम पदार्थको मूल्य अझ धेरै बढेको मनोज बताउँछन्।
उनका अनुसार त्यतिबेला कच्चा तेल र प्रशोधित तेल दुवै उत्पादन भइर हेका थिए र उत्पादन क्षेत्रमा आक्रमण पनि भएको थिएन।
तेल ढुवानी गर्ने स्टेट अफ होर्मुज पनि

**वाँकी पेज नं. ३ मा**

**सर्पको टोकाईबाट बच्न अपनाउनुपर्ने उपायहरु :**



- घर अगाडिका झाडी,कसमल काटेर सफा गरौं
- घरका भित्तामा भएका प्वाल टाल्ने र मुसा छिर्ने दुलोहरु पुर्ने गरौं
- झ्याल र ढोकामा जाली लगाउने
- खेतबारीमा काम गर्दा पूरा बाहुलाको कपडा र खुट्टामा छालाको बुट लगाऔं
- रातिमा हिडडुल गर्दा लाइट बालेर हिंड्ने गरौं
- भुईंमा नसुतौं , खाटमाथि सुतौं र झुल लगाउने गरौं

**सर्पले टोकेमा ध्यान दिनुपर्ने कुराहरु :**

- सर्पले टोकेमा धामी, झाँक्रीको खोजीमा समय बरवाद नगरौं, तुरुन्त अस्पताल वा सर्प दंशको उपचार केन्द्रमा लैजाऔं
- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन् सान्त्वना दिने गरौं
- सर्पले टोकेको व्यक्तिलाई केही पनि खान नदिने र निदाउन दिन हुँदैन
- शरीरमा भएको घडी, चुरा, औंठी, पाउजु, पेटी खोली दिऔं
- सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतह भन्दा तल पार्न लगाऔं
- सर्पले (टोकेको भागलाई डोरी वा ट्युबले अत्यधिक कसेर नबाँधौं) टोकेको ठाउँ छोप्न सफा, सुख्खा पट्टीले बलियो गरी बेर्ने र सो पट्टी नहल्लियोस् भनेर अर्को पट्टीले कस्ने गरौं
- सर्पले टोकेको भागलाई हलचल गराउन र हिंड्न नदिऔं
- सवारी साधनमा लैजाँदा घाइतेलाई बसालेर लैजाऔं

**चन्द्रपुर नगपालिका,**
**चपुर, रौतहट ,मधेश प्रदेश,**